नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय

# केन्द्रीय तथ्याङ्क विभाग

थापाथली, काठमाडौं ।

## विभागको कार्यालयको सुरक्षा (पालोपहरा) सम्बन्धी कार्य संस्थागत सेवा करारमा लिनेबारेको सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७४/४/३०**

यस विभागको सुरक्षा (पालोपहरा) सम्बन्धी कार्यहरु आ.ब. ०७४/०७५ को लागि निजी क्षेत्रबाट संस्थागत सेवा करारमा गराउनुपर्ने भएकोले आ.ब. २०७४/७५ को लागि सुरक्षा गार्डसम्बन्धी इजाजतप्राप्त नेपाली ठेकेदारहरुबाट निम्न शर्तहरुको अधीनमा रही तपसीलमा उल्लेख भएबमोजिम छुट्टाछुट्टै रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम खरीद गर्नको लागि निवेदनसाथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म इच्छुक फर्म, कम्पनी वा संस्थाहरुले नेपाल सरकारबाट इजाजतप्राप्त प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता, मू.अ.कर दर्ता प्रमाणपत्र र २०७२/०७३ सम्मको कर चुक्ताको प्रमाणपत्र, संचार सेट (वाकीटकी) संचालन गर्ने अनुमति पत्र र ISO नविकरण प्रमाणपत्रको कागजातहरुको प्रतिलिपि पेश गरी कार्यालय समयमा यस विभागको भण्डार फाँटबाट नगद रु. १०००/- फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । साथै उक्त कागजातहरु सिलवन्दी दरभाउपत्रसाथ नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको अँकको २.५ प्रतिशतले हुने रकम बराबरको कम्तीमा ७५ दिन म्याद भएको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि) दरभाउपत्र जमानत (बिडबण्ड) संलग्न हुनुपर्नेछ वा यस विभागको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०१२००००१००२५२४/२७-३९१-०१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा स्वीकृत दरभाउपत्रदाताले कबोल अंकको ५ प्रतिशतले हुन आउने रकमको बैंक भौचर वा यस विभागको नाममा जारी गरिएको कम्तीमा २०७५ साल असोज समान्तसम्म म्याद भएको कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस विभागको भण्डार फाँटमा दर्ता गराइसक्नुपर्नेछ । दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फाराम सोही दिन दिनको २.०० बजे सिलबन्दी दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिनेछ ।

४. प्रत्येक सुरक्षाकर्मीलाई श्रम ऐन, २०४८ को दफा २१ को उपदफा ५ बमोजिम निर्धारण भएको पछिल्लो न्यूनतम पारिश्रमिक ( महंगी भत्ता समेत जोडिएको) भन्दा कम प्रस्ताव पेश गर्नेलाई छनोट गरिने छैन ।

५. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदापछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

६. सिलबन्दी दरभाउपत्रमा दररेट अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. सेवा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसायसम्बन्धी कसुरमा सजाँय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

९. दरभाउपत्रदाताले विगत ३ वर्ष (आ.ब. ०७१/७२, ०७२/७३ र ०७३/७४) को अवधिमा सरकारी निकाय वा निजी संस्थालाई आपूर्ति गरेको सुरक्षा गार्डसम्बन्धी संख्या र रकम खुलेको पत्र वा संझौतापत्र त्यस्तो सरकारी निकाय वा निजी संस्थाबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

१०. प्रचलित ऐन नियमअनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

११. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित हुनेछ ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचनाबमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

१३. यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस विभागको स्टोर फाँट वा आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

शाखा अधिकृत